**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १७ मिति : २०७६/१२/०४

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :- २०७६/१२/१७**

## सार्वजनिक निजि साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

**प्रस्तावना :** नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरसभाले पारित गरेको चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (८) बमोजिम चौरजहारी नगरपालिकाभित्र सार्वजनिक निजि साझेदारीमा कृषि, वन तथा अन्य स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित उद्योग स्थापना, सञ्चालन र व्यवस्थापनको लागि कानूनी व्यवस्था गर्न बाञ्छनिय भएकोले,

चौरजहारी नगरपालिका सार्वजनिक निजि साझेदारी ऐन, २०७६ को दफा ५९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"सार्वजनिक निजि साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

चौरजहारी नगरपालिका

(क) "नीति" भन्नाले चौरजहारी नगरपालिका सार्वजनिक निजि साझेदारी नीति, २०७६ लाई सम्झनु पर्दछ र सो शब्दले संघ तथा प्रदेश सरकारको साझेदारी सम्बन्धि नीतिलाई समेत जनाउँछ ।

(ख) "ऐन" भन्नाले चौरजहारी नगरपालिका सार्वजनिक निजि साझेदारी ऐन, २०७६ लाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकार सार्वजनिक निजि साझेदारी तथा लगानी ऐन, २०७५ लाई समेत जनाउँछ ।

(ग) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले चौरजहारी नगर कार्यपालिकालाई जनाउँछ ।

(ङ) "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुखलाई बुझाउँछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको कार्यालय प्रमुखको रुपमा कार्य गर्ने कर्मचारीलाई जानउँछ ।

(छ) "उद्योग" भन्नाले कृषि, वन तथा अन्य स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित भई सार्वजनिक निजि साझेदारीमा स्थापना हुने काष्ठ उद्योग वा जुस उद्योग वा यस्तै प्रकृतिको उद्योगहरु सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले ऐनको दफा ४६ बमोजिमको सार्वजनिक निजि साझेदारी प्रवर्द्धन समिति वा मञ्चलाई सम्झनु पर्छ ।

(झ) "सचिव" भन्नाले सार्वजनिक निजि साझेदारी इकाई प्रमुखको रुपमा काम गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

(ञ) "बोर्ड" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन हुने उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड

(ट) "कार्यालय" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्डको प्रशासकीय कार्य सञ्चालनको लागि स्थापना हुने बोर्डको कार्यालयलाई सम्झनु पर्छ ।

(ठ) "सार्वजनिक निजि साझेदारी" भन्नाले सार्वजनिक र निजि क्षेत्रबीचको साझेदारीलाई जनाउने छ र सो शब्दले सार्वजनिक-सहकारी, सार्वजनिक-जनता, सार्वजनिक-समूह-संस्थाबीचको साझेदारीलाई समेत जनाउनेछ ।

**३. समझदारीपत्र, सम्झौता र उद्योग दर्ता सम्बन्धि व्यवस्था** :- (१) ऐनको दफा (१४) बमोजिम प्रस्ताव छनौट गरेपछि वा ऐनको दफा (१५) को उपदफा (३) बमोजिमका विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा अनुसूची १ को ढाँचामा समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता सम्पन्न गर्नेछ ।

(२) समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लेखित समयावधि भित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी ६ महिनामा नबढ्ने गरी समितिले तोकेको

चौरजहारी नगरपालिका

समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिएको विवरणहरु समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले आवश्यकता अनुसार वार्ता गरी अनुसूची २ को ढाँचामा सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता गर्नु पुर्व समितिले नगर कार्यपालिकासँगग परामर्श गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सम्झौतामा समितिको तर्फबाट सचिवले हस्ताक्षर गर्नेछ ।

(६) उपदफा (३) बमोजिम सम्झौता भईसकेपछि अनुसूची ३ बमोजिम लगानी, सञ्चालन र व्यवस्थापन र सोही अनुसार स्वामित्व कायम हुने गरी प्रचलित उद्योग दर्ता सम्बन्धि नियमानुसार साझेदारी उद्योग दर्ता गर्नु पर्नेछ ।

**४. साझेदारी उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड सम्बन्धि व्यवस्था :** (१) साझेदारीको मर्म र भावना अनुरुप प्रभावकारी ढङ्गले साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न नगरपालिका र साझेदार निजि क्षेत्रको प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाको निर्णयानुसार एक साझेदारी उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड गठन गरिनेछ ।

(२) बोर्डको गठन देहाय बमोजिम हुनेछ :-

**(क) अध्यक्ष :** नगरपालिकाको लगानी कम्तिमा ५१ प्रतिशत वा सोभन्दा बढि हुने अवस्थामा नगर कार्यपालिकाले नियुक्त गरेको र निजि क्षेत्र क्षेत्रको लगानी ५१ प्रतिशत वा सोभन्दा बढि हुने अवस्थामा साझेदार निजि क्षेत्रको सिफारिसमा नगर कार्यपालिकाले नियुक्त गरेको व्यक्ति **एक जना**

**(ख) उपाध्यक्ष :** नगरपालिकाको लगानी कम्तिमा ५१ प्रतिशत वा सोभन्दा कम हुने अवस्थामा नगर कार्यपालिकाले नियुक्त गरेको र निजि क्षेत्र क्षेत्रको लगानी ५१ प्रतिशत वा सोभन्दा कम हुने अवस्थामा साझेदार निजि क्षेत्रको सिफारिसमा नगर कार्यपालिकाले नियुक्त गरेको व्यक्ति **एक जना**

**(ग) सदस्य :** लगानीको हिस्साको आधारमा सोही अनुसार नियुक्त हुने गरी उद्योगको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट समानुपातिक समावेशि सिद्धान्त अनुसार महिला, दलित, जनजाति, अपाङ्ग पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने गरी उद्योग व्यापार वाणिज्य तथा उद्यशिलताको क्षेत्रमा कार्य गरी अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट नगर कार्यपालिकाले छनौट गरेका र साझेदार निजि क्षेत्रको सिफारिसमा नगर कार्यपालिकाले छनौट गरेका व्यक्तिहरुमध्येबाट सात जना

**(घ) सदस्य :** उद्योग, वाणिज्य, पर्यटन, पूर्वाधार विकास, कानून तथा वित्तीय क्षेत्रमा ख्याति प्राप्त विषयविज्ञहरु मध्येबाट बोर्डले मनोनित गरेका कम्तिमा एक जना महिला सहित तीन जना

**(ङ) सदस्य सचिव :** कार्यालयको प्रमुख कार्यकारी अधिकृत

**५. सदस्यहरुको नियुक्ति, पदावधि तथा पदमुक्ति :** (१) दफा ४ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरुको मनोनय बोर्डको अध्यक्षबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । निजहरुको पुनः नियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित कुनै सदस्यलाई अध्यक्षले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) उपदफा (३) बमोजिम कुनै सदस्य पदमुक्त भएमा वा निजले आफ्नो पदबाट राजिनामा दिएमा निजको स्थानमा बाँकी अवधिका लागि अर्को व्यक्तिलाई मनोनित गर्न सकिनेछ ।

**६. बोर्डको बैठक सम्बन्धी व्यवस्था :** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक एक आर्थिक वर्षमा कम्तीमा छ पटक र दुई बैठकको बिचको अबधि दुई महिना भन्दा बढि नहुने गरी बस्नु पर्नेछ ।

(३) बोर्ड बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डको उपाध्यक्षले गर्नेछ ।

(४) बोर्डको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख गर्नेछ ।

(७) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. बोर्डको काम, कर्तव्य र अधिकार :** (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक आर्थिक वर्षको लागि आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्डको बैठकमा बजेट तथा कार्यक्रम तयार पारी पेश गर्ने र पारित गर्ने तथा गराउने,

(ख) पारित बजेट तथा कार्यक्रम नगरपालिकामा पेश गर्ने,

(ग) उद्योगको नाममा लिईने आन्तरिक ऋण सम्बन्धी आवश्यक मापदण्ड निर्धारण गर्ने,

(घ) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका उद्योग सम्बन्धी परियोनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिचितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न हुने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सूची तयार प्रस्ताव आह्वान प्रस्ताव मूल्याङ्कन परियोजना स्वीकृति लगानी स्वीकृति तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने ।

(ङ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्र सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने ,

(च) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्ने,

(छ) स्वीकृत उद्योग सम्बन्धी परियोजनाको लागि आवश्यक पर्ने हदवन्धी भन्दा बढीको जग्गा खरिद गर्न वा लिजमा उपलब्ध गराउन समन्वय र सहजिकरण गर्ने,

(ज) स्वीकृत उद्योग सम्बन्धी परियोजना कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमति, इजाजत र स्वीकृतको लागि नगरपालिकासँगको समन्वयमा सम्बन्धीत निकायमा लेखी पठाउने,

(झ) परियोजना विकास, लगानी, प्रवर्द्धन तथा परियोजना कार्यान्यनका लागि नगरपालिका, प्रदेश, संघ एवं सहकारी तथा निजि क्षेत्र बीच समन्वय गर्ने वा गराउने,

(ञ) स्वीकृत परियोजनाहरुको कार्यान्वयनका लागि शीघ्र निर्माण र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने वा गराउने,

(ट) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भई सकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने वा गराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

**८. अनुगमन तथा सहजिकरण समिति :** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने उद्योग सम्बन्धी परियोजनाको कार्यान्वयन तथा अनुगमण गर्न तथा सो कार्यमा सहजिकरण गर्नका लागि देहाय बमोजिमको अनुगमन तथा सहजिकरण समिति रहनेछः-

**(क)** कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरुमध्येबाट एक जना - संयोजक

**(ख)** प्रमुख आर्थिक विकास शाखा प्रमुख - सदस्य

**(ग)** बोर्डको उपाध्यक्ष - सदस्य

**(घ)** प्रमुख, पूर्वाधार विकास शाखा - सदस्य

**(ङ)** प्रमुख कार्यकारी अधिकृत - सदस्य

**(च)** दफा ४ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यबाट बोर्डको अध्ययक्षले तोकेको एक जना - सदस्य

**(छ)** प्रमुख प्रशासकीय अधिकृतले तोकेको सार्वजानिक सार्वजनिक निजि साझेदारी इकाई प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(क)** नगरपालिका र सार्वजनिक निजि साझेदारीमा सञ्चालित उद्योग सम्बन्धी परियोजनाहरुको गुणस्तर, परिमाण, समय र लागत अनुमान अनुसार काम भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी मासिक रुपमा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

**(ख)** सार्वजनिक निजि साझेदारी सम्झौता अनुसार कार्य भए/नभएको सम्बन्धमा निरन्तर रुपमा अनुगमन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने

**(ग)** साझेदारीलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन आवश्यक सहजिकरण तथा समन्वयात्मक ढङ्गले काम गर्ने ।

**(घ)** तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) अनुगमन तथा सहजिकरण समितिको बैठक सम्बन्धी मापदण्ड र कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ ।

**९. बोर्डको कार्यालय** :- (१) बोर्डको एक छुट्टै कार्यालय हुनेछ ।

(२) बोर्डले तोके अनुसारको कार्यालयको छुट्टै छाप र लेटर प्याड हुनेछ ।

(३) कार्यालयको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी अनुसूची ४ बमोजिम हुनेछ ।

(३) प्रमुख कार्यकारी अधिकृत कार्यालयको पुरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(४) कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृत लिई सल्लाहकार वा विशेषज्ञको समुह गठन गर्न सक्नेछ ।

**१०. कार्यालयको काम, कर्तव्य र अधिकार** : कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उद्योग सम्बन्धी आयोजनाहरुको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि आवश्यक प्रशासकीय कार्य गर्ने,

(ख) सार्वजानिक निजि साझेदारी अवधारणा तथा निजि लगानीमा कार्यान्वयन औद्योगिक परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजिकरण गर्ने,

(ग) बोर्डद्धारा स्वीकृत शर्तहरु तथा संलग्न सम्झौताको आधारमा आयोजना कार्यान्वयनको लागि आवश्यक कार्य गर्ने,

(घ) सम्झौता अनुरुप परियोजना कार्यान्यन गर्न सहजिकरण गर्ने,

(ङ) परियोजना कार्यान्वयन देखिएका समस्याको निराकरण गर्ने,

(च) स्वीकृत परियोजना कार्यान्वयनका लागि नगरपालिका, प्रदेश, संघीय सरकार लगायत निजि क्षेत्रसँग समन्वय गर्ने,

(छ) स्वीकृत परियोजनाले प्राप्त गर्ने आर्थिक वा गैर आर्थिक सुबिधा उपलब्ध हुने व्यवस्था मिलाउने,

(ज) कुनै क्षेत्र वा परियोजनाको लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,

(झ) परियोजानको कार्यान्वयनको अनुगमन गर्ने तथा समय तालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(ञ) कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,

(ट) लगानीको सुरक्षा तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ठ) सार्वजानि निजि साझेदारी तथा लगानी सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(ड) बोर्डको क्षेत्राधिकार भित्र रहेका बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य गर्ने,

**११. प्रमुख कार्यकारी अधिकृत** : (१) बोर्डको दैनिक प्रशासन सञ्चालन तथा कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत बोर्डमा पुरा काम गर्ने प्रमुख प्रशासकिय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा बोर्डले तोके बमोजिम हुनेछ ।

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानून इन्जिनियरिङ, विकास सम्बन्धी विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक निजि साझेदारी, लगानी, विकास, प्रशासन, औद्योगिक, बैंकिङ्ग क्षेत्रमा कम्तिमा पाँच वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको नेपाली नागरिक प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त हुन योग्य मानिनेछ ।

(४) देहायको व्यक्ति बोर्डको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन योग्य हुने छैनः-

(क) भ्रष्टचार, चोरी, मानव बेचबिखन तथा ओसारपसार जवरजस्ती करणी जस्ता नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) प्रचलित कानुन बमोजिम कालो सुचिमा परेको अवधिभर,

(ग) तीस वर्ष उमेर पुरा नगरेको,

(घ) पैसठ्ठी वर्ष उमेर नाघेको ।

(५) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्न बोर्डको उपाध्यक्षको संयोजकत्वमा आर्थिक विकास समिति संयोजक र नगर कार्यपालिकाले तोकेको विषय विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति रहनेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका व्यक्तिहरुमध्ये एकजनालाई नगर कार्यपालिकाले प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।

(७) प्रमुख कार्यकारी अधिकृतको पदावधि पाँच वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(८) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः

(क) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ख) निजले आफ्नो पदबाट बोर्डबाट दिएको राजीनामा नगर कार्यपालिकाबाट स्वीकृत भएमा,

(ग) कार्यक्षमताको अभाव, खराब आचरण वा निजको कार्य सम्पादनस्तर सन्तोषजनक नभई बोर्डको सिफारिसमा नगर कार्यापलिकाबाट निजलाई हटाएमा,

(घ) निजको पदावधि पुरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) पैसठ्ठी बर्ष उमेर पुरा भएमा ।

(९) उपदफा (८) को खण्ड (ग) बमोजिम हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**१२. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार** : प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डबाट सीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउने,

(ख) बोर्डबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च नपाउने व्यवस्था कार्यान्वयन गर्ने,

(ग) बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरुको सूची तयार गर्ने,

(घ) परियोजना स्वीकृतका लागि बोर्ड समक्ष पेश गर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउने,

(ङ) बोर्डबाट भएका निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने,

(च) बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समिक्षा गर्ने ।

(छ) बोर्डले तोकेका अन्य कार्यहरु गर्ने ।

चौरजहारी नगरपालिका

**१३. साझेदारी कोष सम्बन्धी व्यवस्था :** (१) उद्योगको नाममा एक सञ्चित कोषको रुपमा साझेदारी कोष हुनेछ ।

(२) साझेदारी कोषमा देहायको रकम जम्मा हुनेछ :-

(क) संघीय सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नगरपालिकाबाट प्राप्त हुने अनुदान तथा शेयर रकम,

(घ) निजि साझेदारबाट शेयरको रुपमा प्राप्त हुने रकम,

(ङ) निजि साझेदारबाट अनुसूची ३ बमोजिम गर्नुपर्ने लगानीको हिस्सा वापतको रकम,

(च) उद्योगबाट उत्पादित वस्तु तथा सेवा विक्रि वापत प्राप्त हुने सबै रकम,

(छ) अन्य निकायबाट उद्योगको नाममा प्राप्त हुने सहयोग तथा अनुदान रकम,

(ज) आन्तरिक ऋण वापत प्राप्त रकम,

(झ) अन्य जुनसुकै किसिमबाट उद्योगको नाममा प्राप्त हुने रकम,

(३)कोषको सञ्चालन कार्यालयको प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) साझेदारी कोष सञ्चालनको अधिकार प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुख बाहेक अरुलाई प्रत्यायोजन गर्न सकिने छैन् ।

(५) कोषमा जम्मा हुन आउने रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(६) स्वीकृत प्रवन्धपत्र अनुसार आवश्यकता बमोजिम उद्योगको नाममा अन्य कोषहरु सञ्चालन गर्न सकिने छ ।

(७) कोषबाट देहाय बमोजिमको रकम बाहेक अन्य रकम खर्च गर्न पाईने छैन् :-

(क) बोर्डले कोषबाट खर्च गर्ने गरी स्वीकृत गरेको बार्षिक बजेट बमोजिमको रकम,

(ख) अदालतको फैसलामा उद्योगले तिर्नु वा बुझाउनु पर्ने रकम,

(ग) उद्योगले लिएको ऋणको तिर्नुपर्ने साँवा तथा ब्याज रकम,

(घ) नगरसभाबाट उद्योगको लागि स्वीकृत बजेट बमोजिमको रकम,

(ङ) संघीय सरकार तथा प्रदेश सरकारबाट उद्योगको लागि विनियोजित बजेट अनुसारको आयोजनागत भुक्तानी गरिएको रकम,

**१४. खर्च खाता सम्बन्धी व्यवस्था :** (१) उद्योगको नाममा पुँजीगत खर्च खाता र चालू खर्च खाता एवम् आवश्यकता अनुसार अन्य खाताहरु हुनेछन् ।

(२) दफा उपदफा (१) अनुसारका खाताहरु कार्यालयको प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१७. सार्वजनिक खरिद गर्ने** : (१) कार्यालयले संघीय सार्वजनिक खरिद ऐन तथा नियमावली, नगरपालिकाको सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम सार्वजनिक खरिद सम्बन्धी कार्य गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिद सम्बन्धी कानूनहरुको पालना गर्नु कार्यालयको कर्तव्य हुनेछ ।

**१८. कारोवारको लेखा** : (१) उद्योगको कारोवार, आय व्ययको लेखा प्रणाली तथा खर्च शीर्षकको वर्गीकरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उद्योगले आय व्ययको शीर्षकगत विवरण चौमासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उद्योगको आय व्ययको लेखा राख्ने जिम्मेवारी पाएको व्यक्तिले ठीकसँग लेखा नराखेको कारणबाट उद्योगलाई कुनै किसिमको हानि नोक्सानी तथा क्षति भएमा त्यसरी पर्न गएको हानि नोक्सानी त्यस्तो हानी नोक्सानी गर्ने कर्मचारीबाट असूल उपर गर्नु पर्नेछ ।

**१९. आर्थिक वर्ष र आयको लेखा** : (१) कार्यालयले प्रत्येक वर्षको साउन महिनाको एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाब राख्नु पर्नेछ ।

(२) कार्यालयले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ ।

(३) कार्यालयले बोर्डको निर्णयानुसार उपदफा (२) बमोजिमको व्यवस्था अवलम्बन गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्न सक्नेछ ।

(४) उद्योगको आय व्ययको लेखा, बील भरपाई लगायत आवश्यक कागजात राख्ने काम उद्योगको रकम खर्च गर्न अधिकार प्राप्त अधिकारीको हुनेछ ।

(५) उपदफा (४) बमोजिम कागज प्रमाणित गराई राख्ने, राख्न लगाउने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

(६) उपनियम (४) बमोजिमको आय व्ययको लेखा राख्दा उद्योगको काम कारबाहीको वास्तविक स्थिति थाहा हुने गरी मालसामानहरुको खरिद बिक्री र उद्योगको नगदी जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रुपले खोलेको हुनु पर्नेछ ।

(७) उद्योगको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी–नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

(८) प्रमुख कार्यकारी अधिकृतले विद्यालयको आय व्ययको प्रतिवेदन नगरपालिका कार्यालयले तोकेको अवधिभित्र मासिक वा त्रैमासिक रुपमा सो कार्यालयमा पठाउनु पर्नेछ ।

**१९. ऋण लिन सक्ने** : (१) कार्यालयले बोर्डको निर्णयानुसार उद्योगको नाममा उत्पादनशील रोजगारमूलक आन्तरिक आय वृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ ।

(२) उपदफा (१) अनुसारको ऋण पच्चीस वर्षभन्दा बढि अवधिको लागि लिन सकिने छैन् ।

(३) ऋण लिने सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैंले तोक्न सक्नेछ ।

चौरजहारी नगरपालिका

**१९. सूचना प्रविधिको प्रयोग** : कार्यालयले आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारवाहीमा एकरुपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न बोर्डले तोके बमोजिमको सूचना प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

**१८. मुनाफा बाँडफाँड सम्बन्धी व्यवस्था** : (१) उद्योगको नाममा प्राप्त मुनाफा इक्विटिको आधारमा साझेदारबिचमा बाँडफाँड हुनेछ ।

(२) कार्यालयले हरेक चौमासिकमा उद्योगको कूल सम्पत्ति, कूल दायित्व र कूल इक्विटिको हिसाब गरी मुनाफाको हिसाब गर्नु पर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम प्राप्त हुने मुनाफामध्ये नगरपालिकाको लगानी अनुसार प्राप्त हुने मुनाफा वापतको रकम स्वतः नगरपालिकाको सञ्चित कोषमा दाखिला हुने व्यवस्था गर्नु पर्नेछ ।

**१९. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान नगरपालिकाको लगानीको रुपमा गणना हुने** : (१) अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान नगरपालिकाको लगानीको रुपमा गणना हुनेछ ।

(२) कार्यालयले इक्विटिका लागि प्राप्त हुने शेयर रकम कम्पनिका साधारण शेयरबाट प्राप्त रकम र नगरपालिकाबाट प्राप्त रकमलाई रु. १००।०० (एक सय रुपैयाँ) को प्रति शेयरका दरले प्राप्त रकम अनुसार शेयर बाँडफाँड हुने व्यवस्था मिलाउनु पर्नेछ ।

**२१. इक्विटि फिर्ता लिने दिने सम्बन्धी व्यवस्था** : आफूले लगानी गरेको इक्विटि कम्पनी र इक्विटि लिने बिचको समझदारीमा लिने दिने व्यवस्था मिलाउनु पर्नेछ ।

**२२. लेखा परीक्षण गराउनेः** (क) कार्यालयले प्रत्येक वर्ष नगरपालिका कार्यालयबाट नियुक्त लेखापरीक्षकबाट उद्योगको लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षणको सिलसिलामा कार्यालयले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनु पर्नेछ र निजले कैफियत गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

(३) उद्योगको आय व्ययको लेखा नगरपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रमुख कार्यकारी अधिकृतको कर्तव्य हुनेछ ।

(४) यस कार्यविधि बमोजिम लेखापरीक्षकले उद्योगको लेखा परीक्षण गर्ने सिलसिलामा अन्य कुराको अतिरिक्त उद्योगको आम्दानी र खर्चका बारेमा बोर्डका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) प्रमुख कार्यकारी अधिकृतले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन बोर्ड तथा शेयर सदस्यहरुको भेला गराई सार्वजनिक गरी त्यस्तो प्रतिवेदन र वासलात नियमित रुपमा नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

२३. **उद्योगको काम कारबाहीको सामाजिक परीक्षण गर्नेः** उद्योगको काम, कारबाही, ऐन तथा यस कार्यविधि बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछः–

(क) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका सदस्य वा नगरपालिकाको अधिकृतस्तरको कर्मचारी – संयोजक

(ख) शेयर सदस्यहरुहरुमध्ये एकजना महिला समेत पर्ने गरी बोर्डले तोकेको दुईजना – सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको वडा अध्यक्ष – सदस्य

(घ) बोर्डले तोकेको बुद्धिजिवी समाजसेवीमध्येबाट एक जना महिला सहित दुई जना – सदस्य

(ङ) बोर्डले तोकेको कार्यालयको कर्मचारी – सदस्य सचिव

२४. **प्रतिवेदन पेश गर्नु पर्नेः** लेखापरीक्षकले उद्योगको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरु खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी नगरपालिकामा एक–एक प्रति पठाउनु पर्नेछः–

(क) सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

(ख) पेश भएको आय व्ययको हिसाब रीतपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) उद्योगको आय व्ययको लेखा यथार्थ रुपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै पदाधिकारी वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) उद्योगको कारोबार सन्तोषजनक भए नभएको,

(छ) लेखापरीक्षकले मनासिब र आवश्यक सम्झेको अन्य कुरा

२२. **दण्ड सजाय :** यस कार्यविधि विपरित काम गर्ने व्यक्ति वा निकायलाई कसूरको प्रकृति हेरी रु एक लाख सम्म जरिवाना र प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ ।

२३. **संशोधन वा हेरफेर :** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकता बमोजिम संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२४. **बचाउ :** यो कार्यविधि लागू हुनुपूर्व यस कार्यविधिमा उल्लेखित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची १
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
### समझदारीपत्रको ढाँचा

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरसभाले पारित गरेको चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (८) बमोजिम .............................................उद्योग स्थापना, सञ्चालन र व्यवस्थापनको लागि चौरजहारी नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र ................................(यसपछि दोस्रो पक्ष भनिएको) विचमा चौरजहारी नगर कार्यपालिकाको मिति ........................... गतेको निर्णयानुसार भएको समझदारीपत्र

१. **परियोजनाको विवरण :** पहिलो पक्ष र दोस्रो पक्ष विचको साझेदारीमा उद्योग स्थापना हुनेछ । पहिलो पक्षको तर्फबाट ........ प्रतिशत लगानी हुनेछ भने दोस्रो पक्षले बाँकी ६० प्रतिशत लगानी गर्नेछ । पहिलो पक्ष र दोस्रो पक्ष दुवैले व्यवसायिक योजना अनुसार नै परिभाषित र स्पष्ट क्षेत्रमा लगानी गर्नेछन् । लगानीको अनुपात अनुसार नै प्रतिफल र जोखिमको बाँडफाँड हुनेछ । सार्वजनिक निजि साझेदारी मोडेलमा उद्योग स्थापना हुनेछ । यो उद्योग चौरजहारी नगरपालिका वडा नं......................मा स्थापना हुनेछ । यसैसाथ संलग्न विवरणमा उल्लेख भए अनुसारका उद्देश्यहरु हासिल गरी नगरपालिकालाई समृद्धि र विकासको मार्गमा अगाडि बढाउन सोही विवरणमा उल्लेखित क्रियाकलापहरु समय तालिका अनुसार कार्यान्वयन गरिनेछ ।

**(क) परियोजना कार्यान्वयन सुरु गर्ने मिति र सम्पन्न गर्ने मिति :–** यो उद्योग आर्थिक वर्ष ................ मा सुरु भई आर्थिक वर्ष ................ को अन्त्य सम्ममा पूर्ण रुपमा स्थापना र सञ्चालन हुनेछ ।

**(ख) परियोजनाको निर्माण वा संचालन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा :–**यो उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पहिलो र दोस्रो पक्षविचमाथि उल्लेखित प्रतिशतमा लगानी, प्रतिफल र जोखिम बाँडफाँड हुनेछ । यो उद्योग पहिलो र दोस्रो पक्षको संयुक्त लगानीमा स्थापना, सञ्चालन र व्यवस्थापन हुनेछ । पहिलो र दोस्रो पक्षविचभएको संयुक्त लगानि परियोजना कार्यान्वयन गर्ने दोस्रो पक्षलाई लगानीको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मुल्यमा हिसाव गरि दिन सकिनेछ ।

चौरजहारी नगरपालिका

उद्योग स्थापना गर्नुपूर्व सम्पादन गर्नुपर्ने कार्यहरु (जग्गा प्राप्ति, प्रारम्भिक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन, व्यवसायिक योजनाको निर्माण, विद्युत तथा यातायात सुविधाको भरपर्दो व्यवस्था लगायत) मा आवश्यकता अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई सहयोग र सहजिकरण गर्नेछ । यसमा उल्लेख भए बाहेकका अन्य सुविधा तथा सहुलियत चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् प्रचलित कानून र नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ग) अनुमतिपत्रको अवधी** :–दोस्रो पक्षले कानून बमोजिम नगरपालिकाबाट आयोजना कार्यान्वयनको लागि अनुमति पत्र लिनुपर्नेछ । अनुमतिपत्रको अवधि अनुमति प्राप्त मितिले बढिमा ................वर्षको हुनेछ । आवश्यकता अनुसार अनुमतिपत्रको अवधि थप्न सकिनेछ । अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(घ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादन मुल्याङ्कनका बस्तुगत आधार र मापदण्ड** :–चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् सो अन्तर्गत बनेका नियम, कार्यविधि तथा निर्देशिका एवम् प्रचलित कानून बमोजिम जोखिमको बाँडफाँड र जोखिम व्यवस्थापन, कार्य सम्पादनमा आधारित भुक्तानी व्यवस्था, कार्यसम्पादन मूल्याङ्कनका वस्तुगत आधार र मापदण्ड निर्धारण हुनेछन् । नगर कार्यपालिकाले समयसमयमा तोकेका कार्यसम्पादन मूल्याङ्कनका वस्तुगत आधार र मापदण्ड दुवै पक्षले पालना गर्नुपर्ने छ ।

**(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका** :–परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका देहाय बमोजिम हुनेछ :

(ङ.१) **योजना कार्यान्वयनको विवरण :** (आयोजना कार्यान्वयनको संक्षिप्त विवरण उल्लेख गर्ने )

### (ङ.२) **वित्तिय योजना (व्यवसायिक कृषि कार्यक्रमको क्रियाकलाप, बजेट तथा लागत साझेदारीको विस्तृत विवरण)**

**<u>(१) उपकरण सम्बन्धी विवरण</u>**

**(२) वित्तीय योजना (विस्तृत)** : (संभव भएसम्म **Gnatt Chart, Logical Framework** पेश गर्ने)



चौरजहारी नगरपालिका

**(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टयाण्डर्स :** पहिलो पक्षले परियोजनाको प्राविधिक गुणस्तर र स्टयाण्डर्स तोक्नेछ । पहिलो पक्षले तोकेको प्राविधिक गुणस्तर र स्टयान्डर्स अनुसार परियोजना कार्यान्वयन गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ । परियोजनाको प्राविधिक गुणस्तर र स्टयान्डर्स मूल्याङ्कन गर्न पहिलो र दोस्रो पक्ष एवम् अन्य विज्ञ व्यक्तिहरु समेत रहेको संयुक्त अनुगमन टोली वा प्राविधिक समिति गठन गरी नगर कार्यपालिकाको निर्णयानुसार खटाउन सकिनेछ ।

**(छ) परियोजनाको संचालन वा हस्तान्तरणको शर्त :–** परियोजना सञ्चालन वा हस्तान्तरणको शर्त चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् सो अन्तर्गत बनेका वा बन्ने नियम, कार्यविधि र निर्देशिका बमोजिम हुनेछ । साथै परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त समय समयमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ज) परियोजना संचालन गर्दा उपभोक्तासंग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था :–**दोस्रो पक्षले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ । तर परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था नगर सभाबाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ । नगरसभाबाट नतोकुञ्जेलसम्मको लागि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(झ) परियोजनाको विमा सम्बन्धी व्यवस्था :–** परियोजनाको विमा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । कानूनमा स्पष्ट उल्लेख नभएको अवस्थामा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ञ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर :–**दोस्रो पक्षले उद्योग स्थापना भई सञ्चालनमा आएको मितिले ................. वर्ष पूरा भईसकेपछि नगरपालिकालाई उद्योग हस्तान्तरण गर्न सक्नेछ । उद्योग हस्तान्तरण हुँदा उद्योगमा जडित मेशिन, उपकरण तथा संरचनाको क्षमता र अवस्था मापदण्ड अनुसार दुरुस्त अवस्थामा र चालु हालतमा हुनुपर्नेछ । हस्तान्तरण भएको उद्योग र सोसँग सम्बन्धीत घर जग्गा तथा उपकरणको स्वामित्व नगरपालिकाको हुनेछ ।

**(ट) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टि र भुक्तानी विधि :–** नगरपालिकालाई बुझाउनुपर्ने रोयल्टि र भुक्तानी विधि नगरसभाबाट पारित आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ । नगरसभाले नतोकुञ्जेल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

चौरजहारी नगरपालिका

(ठ) **परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्थाः–**दोस्रो पक्षले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा साझेदारी ऐन वा यस अन्तर्गत बनेको कार्यविधि, निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा नगरपालिकाको सिफारिसमा समिति (सार्वजनिक निजी साझेदारी प्रवर्द्धन मञ्च) ले दोस्रो पक्षलाई सुचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ । अनुमतिपत्र रद्द भएमा दोस्रो पक्षसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ । अनुमतिपत्र रद्द भएमा दोस्रो पक्षले पहिलो पक्षसँग कुनै किसिमको दावि गर्न पाउने छैन् ।

(ड) **परियोजनामा नगरपालिकाको लगानी र सो वापत नगरपालिकाले प्राप्त गर्ने प्रतिफल** :–पहिलो पक्ष र दोस्रो पक्षको संयुक्त लगानीमा उद्योग स्थापना र सञ्चालन हुनेछ । उद्योग स्थापना र सञ्चालनको लागि नगरपालिकाले कूल लागतको चालिस प्रतिशत हिस्सा व्यहोर्ने छ भने दोस्रो पक्षले कूल लागतको साठी प्रतिशत हिस्सा व्यहोर्ने छ । कूल प्रतिफलको चालिस प्रतिशत हिस्सा पहिलो पक्षको संचित कोषमा दाखिला हुनुपर्नेछ । नगरपालिकाको लगानी र सो वापत प्राप्त गर्ने प्रतिफल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ढ) **यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछन् ।**

| पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्नेको | दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्नेको |
|---|---|
| नाम, थर :– | नाम, थर :– |
| पद :– | पद :– |
| हस्ताक्षर :– | हस्ताक्षर :– |
| मिति :– | मिति :– |

साक्षीहरु

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम थर :– | नाम थर :– |
| दस्तखत :– | दस्तखत :– |

## अनुसूची २
### (दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
### सम्झौता पत्रको ढाँचा

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरसभाले पारित गरेको चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (८) बमोजिम ............................................उद्योग स्थापना, सञ्चालन र व्यवस्थापनको लागि चौरजहारी नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र ................................(यसपछि दोस्रो पक्ष भनिएको) विचमा चौरजहारी नगर कार्यपालिकाको मिति ........................... गतेको निर्णयनुसार भएको सम्झौता पत्र

१. **परियोजनाको विवरण :** पहिलो पक्ष र दोस्रो पक्ष विचको साझेदारीमा उद्योग स्थापना हुनेछ । पहिलो पक्षको तर्फबाट ........ प्रतिशत लगानी हुनेछ भने दोस्रो पक्षले बाँकी ६० प्रतिशत लगानी गर्नेछ । पहिलो पक्ष र दोस्रो पक्ष दुवैले व्यवसायिक योजना अनुसार नै परिभाषित र स्पष्ट क्षेत्रमा लगानी गर्नेछन् । लगानीको अनुपात अनुसार नै प्रतिफल र जोखिमको बाँडफाँड हुनेछ । सार्वजनिक निजि साझेदारी मोडेलमा उद्योग स्थापना हुनेछ । यो उद्योग चौरजहारी नगरपालिका वडा नं......................मा स्थापना हुनेछ । यसैसाथ संलग्न विवरणमा उल्लेख भए अनुसारका उद्देश्यहरु हासिल गरी नगरपालिकालाई समृद्धि र विकासको मार्गमा अगाडि बढाउन सोही विवरणमा उल्लेखित क्रियाकलापहरु समय तालिका अनुसार कार्यान्वयन गरिनेछ ।

**(क) परियोजना कार्यान्वयन सुरु गर्ने मिति र सम्पन्न गर्ने मिति :–** यो उद्योग आर्थिक वर्ष ................ मा सुरु भई आर्थिक वर्ष ................ को अन्त्य सम्ममा पूर्ण रुपमा स्थापना र सञ्चालन हुनेछ ।

**(ख) परियोजनाको निर्माण वा संचालन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा :–**यो उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पहिलो र दोस्रो पक्षविचमाथि उल्लेखित प्रतिशतमा लगानी, प्रतिफल र जोखिम बाँडफाँड हुनेछ । यो उद्योग पहिलो र दोस्रो पक्षको संयुक्त लगानीमा स्थापना, सञ्चालन र व्यवस्थापन हुनेछ । पहिलो र दोस्रो पक्षविचभएको संयुक्त लगानि परियोजना कार्यान्वयन गर्ने दोस्रो पक्षलाई लगानीको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मुल्यमा हिसाव गरि दिन सकिनेछ ।

चौरजहारी नगरपालिका

उद्योग स्थापना गर्नुपूर्व सम्पादन गर्नुपर्ने कार्यहरु (जग्गा प्राप्ति, प्रारम्भिक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन, व्यवसायिक योजनाको निर्माण, विद्युत तथा यातायात सुविधाको भरपर्दो व्यवस्था लगायत) मा आवश्यकता अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई सहयोग र सहजिकरण गर्नेछ । यसमा उल्लेख भए बाहेकका अन्य सुविधा तथा सहुलियत चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् प्रचलित कानून र नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ग) अनुमतिपत्रको अवधी** :–दोस्रो पक्षले कानून बमोजिम नगरपालिकाबाट आयोजना कार्यान्वयनको लागि अनुमति पत्र लिनुपर्नेछ । अनुमतिपत्रको अवधि अनुमति प्राप्त मितिले बढिमा ................वर्षको हुनेछ । आवश्यकता अनुसार अनुमतिपत्रको अवधि थप्न सकिनेछ । अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(घ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादन मुल्याङ्कनका बस्तुगत आधार र मापदण्ड** :–चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् सो अन्तर्गत बनेका नियम, कार्यविधि तथा निर्देशिका एवम् प्रचलित कानून बमोजिम जोखिमको बाँडफाँड र जोखिम व्यवस्थापन, कार्य सम्पादनमा आधारित भुक्तानी व्यवस्था, कार्यसम्पादन मूल्याङ्कनका वस्तुगत आधार र मापदण्ड निर्धारण हुनेछन् । नगर कार्यपालिकाले समयसमयमा तोकेका कार्यसम्पादन मूल्याङ्कनका वस्तुगत आधार र मापदण्ड दुवै पक्षले पालना गर्नुपर्ने छ ।

**(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका** :–परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका देहाय बमोजिम हुनेछ :

(ङ.१) योजना कार्यान्वयनको विवरण : (आयोजना कार्यान्वयनको संक्षिप्त विवरण उल्लेख गर्ने )

**(ङ.२) वित्तिय योजना (व्यवसायिक कृषि कार्यक्रमको क्रियाकलाप, बजेट तथा लागत साझेदारीको विस्तृत विवरण)**

**<u>(१) उपकरण सम्बन्धी विवरण</u>**

**(२) वित्तीय योजना (विस्तृत)** : (संभव भएसम्म **Gnatt Chart, Logical Framework** पेश गर्ने)

चौरजहारी नगरपालिका

**(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टयाण्डर्स :** पहिलो पक्षले परियोजनाको प्राविधिक गुणस्तर र स्टयाण्डर्स तोक्नेछ । पहिलो पक्षले तोकेको प्राविधिक गुणस्तर र स्टयान्डर्स अनुसार परियोजना कार्यान्वयन गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ । परियोजनाको प्राविधिक गुणस्तर र स्टयान्डर्स मूल्याङ्कन गर्न पहिलो र दोस्रो पक्ष एवम् अन्य विज्ञ व्यक्तिहरु समेत रहेको संयुक्त अनुगमन टोली वा प्राविधिक समिति गठन गरी नगर कार्यपालिकाको निर्णयानुसार खटाउन सकिनेछ ।

**(छ) परियोजनाको संचालन वा हस्तान्तरणको शर्त :–** परियोजना सञ्चालन वा हस्तान्तरणको शर्त चौरजहारी नगरपालिका साझेदारी ऐन, २०७६ एवम् सो अन्तर्गत बनेका वा बन्ने नियम, कार्यविधि र निर्देशिका बमोजिम हुनेछ । साथै परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त समय समयमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ज) परियोजना संचालन गर्दा उपभोक्तासंग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था :–**दोस्रो पक्षले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ । तर परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था नगर सभाबाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ । नगरसभाबाट नतोकुञ्जेलसम्मको लागि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(झ) परियोजनाको विमा सम्बन्धी व्यवस्था :–** परियोजनाको विमा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । कानूनमा स्पष्ट उल्लेख नभएको अवस्थामा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(ञ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर :–**दोस्रो पक्षले उद्योग स्थापना भई सञ्चालनमा आएको मितिले ................. वर्ष पूरा भईसकेपछि नगरपालिकालाई उद्योग हस्तान्तरण गर्न सक्नेछ । उद्योग हस्तान्तरण हुँदा उद्योगमा जडित मेशिन, उपकरण तथा संरचनाको क्षमता र अवस्था मापदण्ड अनुसार दुरुस्त अवस्थामा र चालु हालतमा हुनुपर्नेछ । हस्तान्तरण भएको उद्योग र सोसँग सम्बन्धीत घर जग्गा तथा उपकरणको स्वामित्व नगरपालिकाको हुनेछ ।

**(ट) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टि र भुक्तानी विधि :–** नगरपालिकालाई बुझाउनुपर्ने रोयल्टि र भुक्तानी विधि नगरसभाबाट पारित आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ । नगरसभाले नतोकुञ्जेल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

चौरजहारी नगरपालिका

(ठ) **परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्थाः–**दोस्रो पक्षले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा साझेदारी ऐन वा यस अन्तर्गत बनेको कार्यविधि, निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा नगरपालिकाको सिफारिसमा समिति (सार्वजनिक निजी साझेदारी प्रवर्द्धन मञ्च) ले दोस्रो पक्षलाई सुचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ । अनुमतिपत्र रद्द भएमा दोस्रो पक्षसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ । अनुमतिपत्र रद्द भएमा दोस्रो पक्षले पहिलो पक्षसँग कुनै किसिमको दावि गर्न पाउने छैन् ।

(ड) **परियोजनामा नगरपालिकाको लगानी र सो वापत नगरपालिकाले प्राप्त गर्ने प्रतिफल** :–पहिलो पक्ष र दोस्रो पक्षको संयुक्त लगानीमा उद्योग स्थापना र सञ्चालन हुनेछ । उद्योग स्थापना र सञ्चालनको लागि नगरपालिकाले कूल लागतको चालिस प्रतिशत हिस्सा व्यहोर्ने छ भने दोस्रो पक्षले कूल लागतको साठी प्रतिशत हिस्सा व्यहोर्ने छ । कूल प्रतिफलको चालिस प्रतिशत हिस्सा पहिलो पक्षको संचित कोषमा दाखिला हुनुपर्नेछ । नगरपालिकाको लगानी र सो वापत प्राप्त गर्ने प्रतिफल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ढ) **यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछन्** ।

**पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्नेको**

**नाम, थर :–**

**पद :–**

**हस्ताक्षर :–**

**मिति :–**

**दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्नेको**

**नाम, थर :–**

**पद :–**

**हस्ताक्षर :–**

**मिति :–**

**साक्षीहरु**

**पहिलो पक्षको तर्फबाट**

**नाम थर :–**

**दस्तखत :–**

**दोस्रो पक्षको तर्फबाट**

**नाम थर :–**

**दस्तखत :–**



चौरजहारी नगरपालिका

# अनुसूची ३

## (दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

## लगानी, सञ्चालन, व्यवस्थापन र स्वामित्व सम्बन्धी व्यवस्था

| क्र.स. | उद्योगको विवरण | लगानीको हिस्सा | | सञ्चालन जिम्मेवारी | | व्यवस्थापन जिम्मा | | स्वामित्व | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | |
| १. | फलफूलमा आधारित जुस उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| २. | वनपैदावारमा आधारित काष्ठ उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | √ | √ | √ | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ३. | दूग्धजन्य उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | दूग्ध सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन हुने र लगानीको आधारमा मुनाफा बाँडफाँड हुने । |
| ४. | एफ.एम. रेडियो सञ्चालन | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ५. | क्रसर उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ६. | मसला उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड |

| क.स. | उद्योगको विवरण | लगानीको हिस्सा | | सञ्चालन जिम्मेवारी | | व्यवस्थापन जिम्मा | | स्वामित्व | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | नगरपालिका | निजि क्षेत्र | |
| | | | | | | | | | | हुने । |
| ७. | गार्मेन्ट उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ८. | ड्राइ फुड उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ९. | सार्वजनिक यातायात सञ्चालन | कम्तिमा ७५ प्रतिशत | बढिमा २५ प्रतिशत | √ | | √ | | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| १०. | आलु चिप्स उद्योग | कम्तिमा ६० प्रतिशत | बढिमा ४० प्रतिशत | | √ | | √ | √ | √ | लगानीको अनुपातमा सम्झौतामा उल्लेख भए अनुसार मुनाफा बाँडफाँड हुने । |
| ११. | दाना उद्योग | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | √ | | √ | √ | √ | नगर कार्यपालिकाको निर्णयानुसार सञ्चालन व्यवस्थापन र स्वामित्वकरण हुने । |
| १२. | अन्य उद्योगहरु | कम्तिमा ५१ प्रतिशत | बढिमा ४९ प्रतिशत | | | | | | | नगर कार्यपालिकाको निर्णयानुसार सञ्चालन व्यवस्थापन र स्वामित्वकरण हुने । |

चौरजहारी नगरपालिका

## अनुसूची ४
## (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)
## सार्वजनिक निजि साझेदारी वोर्डको कार्यालयको सङ्गठन संरचना र दरवन्दी विवरण

| क्र.स. | पद | तह | शैक्षिक योग्यता | स्वीकृत कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | अधिकृत सातौं वा सो सरह | कार्यविधिमा उल्लेख भए अनुसार | १ | |
| २. | मेकानिकल इन्जिनियर | अधिकृत छैठौं वा सो सरह | स्थानीय तह मेकानिकल इन्जिनियर अधिकृत छैठौं सरह | १ | उद्योगको प्रकृति अनुसार हुने |
| ३. | फुड टेक्निसियन | सहायक पाँचौं वा सो सरह | स्थानीय तह फुड टेक्निसियन सहायक पाँचौं सरह | १ | उद्योगको प्रकृति अनुसार |
| ४. | लेखापाल | सहायक पाँचौं वा सो सरह | स्थानीय तह लेखा सहायक पाँचौं सरह | १ | |
| ५. | कार्यालय सहायक | सहायक चौथो वा सो सरह | स्थानीय तह प्रशासन सहायक चौथो सरह | १ | उद्योगको प्रकृति अनुसार |
| ६. | सुरक्षा गार्ड | श्रेणी विहिन | चौरजहारी नगरपालिका नगर प्रहरी जवान सरह | ३ | उद्योगको प्रकृति अनुसार |
| ७. | कार्यालय सहायक | श्रेणी विहिन | साधारण लेखपढ | २ | उद्योगको प्रकृति अनुसार |

चौरजहारी नगरपालिका

(नोट : उद्योगको प्रकृति अनुसार सार्वजनिक निजि साझेदारी वोर्डको निर्णयानुसार संगठन संरचना र दरवन्दी विवरणमा हेरफेर हुन सक्नेछ । साथै संगठन संरचना र दरवन्दी विवरण अनुसारका कर्मचारीहरुको पारिश्रमिक र सेवा सुविधा नगर कार्यपालिकासँगको समन्वयमा बोर्डले तोके बमोजिम हुनेछ ।)

**आज्ञाले,**
नाम : राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका